# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः ५

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/९/२५
स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८०/१०/३

## भाग २

## देवचुली नगरपालिका माटो उत्खनन् सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना : माटो जस्तो प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (प) को अधिकार प्रयोग गरी देवचुली नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

देवचुली नगरपालिका राजपत्र

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " देवचुली नगरपालिका माटो उत्खनन् सम्बन्धी कार्यविधि, २०८०" रहने छ ।

(२) यो कार्यविधि देवचुली नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो कार्यविधि देवचुली नगरपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले संविधान बमोजिम गठन भएको देवचुली नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगरकार्यपालिका" भन्नाले देवचुली नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "माटो" भन्नाले नदि, खोल्सी, वनक्षेत्र वा सार्वजनिक जग्गा वा निजी जग्गाबाट उत्खनन् गरिने माटो प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

(घ) "मापदण्ड" भन्नाले दफा ३ (२) बमोजिमको मापदण्ड सम्झनु पर्छ ।

(ङ) "अनुगमन समिति" भन्नाले दफा ६ बमोजिमको स्थानीय तहको अनुगमन समिति सम्झनु पर्छ ।

देवचुली नगरपालिका राजपत्र

(च) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनु पर्छ ।

(छ) "वातावरणीय प्रभाव मुल्यांकन" भन्नाले वातावरण संरक्षण ऐन बमोजिमको वातावरणीय प्रभाव मुल्यांकन भन्ने सम्झनु पर्छ ।

(ज) "राजश्व" भन्नाले माटो उत्खनन् गरे बापत नगरपालिकालाई बुझाउनु पर्ने सरकारी राजश्व सम्झनु पर्छ ।

३. **अनुमति लिनु पर्ने :** (१) माटो उत्खनन् गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्छ ।

(२) उपदफा (१) बमोजिम माटो उत्खनन्को लागि दरखास्त दिदा प्रचलित नेपाल कानुनमा तोकिएको शर्त बन्देजका अतिरिक्त देहायका मापदण्ड र शर्तहरु पुरा गरेको हुनु पर्छ।

(क) माटो उत्खनन् गर्नुपर्ने आवादी जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गाधनी सँग माटो उत्खनन्को लागि गरिएको सम्झौताको प्रतिलिपि ।

(ख) माटो उत्खनन् गरिने क्षेत्रको चालु आर्थिक बर्षको तिरो तिरेको रसिद ।

(ग) माटो उत्खनन् गरिने क्षेत्रको चौतर्फी संधियारहरुको मन्जुरी भएको चारकिल्ला प्रमाणीत सिफारिस पत्र ।

देवचुली नगरपालिका राजपत्र

(घ) जग्गाधनीको नागरिकताको प्रतिलिपि र माटो उत्खनन् गरि लाने व्यक्ति वा संस्थाको नागरिकता/संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) साधारण निर्माणमुखी औद्योगिक माटोको उत्खनन् गर्नको लागि दैनिक ३०० घ.मी. सम्म उत्खनन् गर्नु परेमा प्रारम्भिक वातावरणीय परिक्षण मुल्यांकन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(च) साधारण निर्माणमुखी औद्योगिक माटोको उत्खनन् गर्नको लागि दैनिक ३०० घ.मी. भन्दा बढी उत्खनन् गर्नु परेमा वातावरणीय प्रभाव मुल्यांकन गरी प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(छ) माटो उत्खनन् गर्नुपर्ने क्षेत्रको प्राविधिक लागत अनुमान ।

(ज) कुल प्राविधिक लागत अनुमानको पचास प्रतिशतले हुन आउने रकम बराबरको धरौटी जम्मा गरेको बैंक भौचर ।

(झ) वडा कार्यालय बाट माटो उत्खनन् कार्य गर्नको लागि प्रदान गरेको सिफारिस पत्र ।

४. **माटोको उत्खनन् र ओसारपसारः** (१) माटो उत्खनन् तथा ओसारपसार गर्दा माटो, पानी, कृषिजन्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक

देवचुली नगरपालिका राजपत्र

परेमा स्थानीय सरकारले कुनै क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिको लागि सम्बेदनशील क्षेत्र घोषणा गरी माटो उत्खनन् तथा ओसारपसारमा रोक लगाउन सक्नेछ।

(२) माटो उत्खनन् तथा ओसारपसार कार्य असार १ गते देखि भाद्र १५ गते सम्म गर्न पाईने छैन ।

(३) माटो उत्खनन् तथा ओसार पसार कार्य सुर्यास्त देखि सुर्योदय नहुँदा सम्म गर्न पाइने छैन ।

(४) उत्खनन् गरिएको माटो ओसार पसार गर्ने पक्षले बिहान विद्यालय समय ९:०० देखि १०:०० बजे र बेलुका ४:०० बजे देखि ५:०० बजे सम्म ओसारपसार गर्न पाइने छैन ।

(५) उत्खनन् कार्य गर्दा साँध सिमानालाई मर्का पर्ने गरी गर्न पाइने छैन, संधियारबाट उजुरी पर्न आएमा उत्खनन् कार्य निषेध गर्न सकिने छ।

(६) निकासी गर्ने बाटो मर्मत सम्भार ठेकेदार स्वयंले गर्नुपर्ने छ र खर्च दाबी गर्न पाइने छैन ।

(७) वातावरणीय प्रभावको पक्षबाट कुनै नकरात्मक असर पर्ने भएमा उत्खनन् कार्य संशोधन हुन सक्ने छ ।

(८) दैनिक ओसारपसार हुने माटोको कुल परिणामको लागत राखी सोको एक प्रति अभिलेख प्रत्येक दिन नगरपालिकामा पठाउनु पर्ने छ ।

(९) उत्खनन् अनुमति पत्रमा उल्लेखित शर्तहरु बमोजिम काम भए नभएको प्राविधिक पुष्ट्याई साथ प्रतिवेदन पेश भए पछि मात्र

धरौटी रकम फिर्ता हुनेछ, उल्लेखित शर्तहरु विपरित काम भएको र वातावरणीय हानि नोक्सानी हुन गएको खण्डमा धरौटी रकमबाट क्षतिपूर्ति शोध भर्ना गरिनेछ सो बाट नपुग भएमा नपुग रकम घर घरानाबाट समेत असुल उपर गरिने छ ।

(१०) अनुमति दिएको स्थान भन्दा अन्यत्रबाट उत्खनन् गरेको पाइएमा प्रचलित नियमानुसारको कारवाही हुनेछ।

(११) माटो उत्खनन् अनुमति पत्रको हद म्याद उत्खनन् अनुमतिको लागि प्रदान गरिएको कार्य दिन वा माटो उत्खनन् भएको कुल परिमाण जुन पहिलो हुनेछ सोहीलाई मान्यता दिइनेछ ।

**५ . अनुमति दिने ब्यबस्थाः**

(१ ) अन्य दफा उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा खेतीयोग्य बनाउने साथै मत्स्यपालनका लागि पोखरी निर्माण जस्ता कृषि प्रयोजनार्थ निजि जग्गाबाट माटो उत्खननका लागि माग भई आएको खण्डमा गण्डकी प्रदेश आर्थिक ऐन को दफा ८ को उपदफा १ संग सम्बन्धित अनुसूची -७ को बुदा ६ मा उल्लिखित व्यहोरालाई आधार मान्दै वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजकत्वयमा सम्बन्धित वडाको वडा अध्यक्षको, पूर्वाधार शाखा प्रमुख , वातावरण शाखा हेर्ने प्राविधिक , अमिन र सम्बन्धित वडाको प्राविधिक सहितको टोलीले स्थलगत

देवचुली नगरपालिका राजपत्र

अनुगमन गरी प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकाबाट निर्णय गराई अनुमति दिने ।

( २) उपदफा १ अनुसार दिइएको अनुमति तथा इजाजतको जानकारी सम्बन्धित वडा कार्यालय , नगर सुरक्षा इकाई र नगर क्षेत्र भित्रका सुरक्षा निकायलाई जानकारी गराउने ।

(३) व्यवसायीक प्रयोजनका लागि ठुलो परिमाणमा हुने उत्खनन् , रातो माटो उत्खनन् साथै दफा ३ को उपदफा २ को (ङ्) र (च) अनुसारको उत्खनन् संकलन गर्दा देवचुली नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत गराई अनुमति दिने र सम्झौता प्रमुख प्रशासकीय अधिकृतले गर्ने । सोको जानकारी जिल्ला अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा गराउने ।

(४) अनुमति तथा इजाजत पत्रमा स्पष्ट रुपमा परिमाण र उत्खनन/संकलन तथा ढुवानीका लागि प्रयोग हुने सवारीसाधनको नं उल्लेख गर्ने ।

(५) उत्खनन/संकलनको दैनिक अभिलेख पेश गर्न लगाई नियमित रुपमा अनुगमन गर्ने ।

६ **.माटोको राजश्व दररेटः** (१) माटोको बिक्री गर्दा लाग्ने राजश्व दररेट प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

**७.अनुगमन सम्बन्धि व्यवस्था** : (१) माटो उत्खनन् र ओसारपसारको अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनको लागि एक नगरपालिका स्तरीय अनुगमन समिति गठन गरिने छ । (२)उपदफा (१) बमोजिमको नगरपालिका स्तरीय अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

| | |
|---|---|
| (क) नगरपालिका उप-प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (ग ) वन वातावरण समिति संयोजक | सदस्य |
| (घ) माटो उत्खनन् गरिने वडाको वडाध्यक्ष | सदस्य |
| (ङ) नगरपालिका ईन्जिनियर | सदस्य |
| (च ) वातावरण शाखा प्रमुख | सदस्य सचिव |

(३) नगरपालिका स्तरीय अनुगमन समितिको कार्यविवरण देहाय बमोजिमको हुनेछ :

(क) माटो उत्खनन्/विक्री वितरण सम्बन्धमा अनुगमन गरी नगर कार्यपालिकालाई सुझाव दिने साथै अन्तर कार्यालय र स्थानीय तह बीच समन्वय गर्ने ।



देवचुली नगरपालिका राजपत्र

(ख) यस सम्बन्धि नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि नगर कार्यपालिकालाई सुझाव दिने ।

(ग) कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने ।

(घ) आवश्यकता अनुसार समितिले थप कार्यविवरण आफै बनाई लागु गर्न सक्नेछ ।

(ङ) आवश्यकता अनुसार समितिले विज्ञ वा अन्य आवश्यक व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(च) अनुगमन समितिको अनुगमन गरे वापत प्रति अनुगमन प्रति सदस्य खाजा भत्ता प्रचलित कानुन बमोजिम हुने छ ।

८ **निषेधित कार्यहरु** : (१) यस कार्यविधि अनुसार देहायका कार्यहरु निषध गरिएको छ :

(क) प्रचलित कानुन बमोजिम अनुमति नलिई माटो उत्खनन् र ओसारपसार गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परिक्षण नगरी माटो उत्खनन् र ओसारपसार गर्न ।

(ग) तोकिएको स्थान बाहेक अन्य स्थानको माटो उत्खनन् र ओसारपसार गर्न ।

(घ) स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन् र ओसार पसार गर्न ।

देवचुली नगरपालिका राजपत्र

(ङ) कार्यविधि विपरित उत्खनन् ओसारपसार र विक्रीवितरण गर्न ।

९ **दण्ड सजायको व्यवस्था** : (१)दफा ७ बमोजिम निषेधित कार्य गरेमा त्यस्ता व्यक्ति/फर्म वा संस्थाको धरौटी जफत गरि हानी नोक्सानी/क्षतिपूर्ति शोधभर्ना गरिनेछ ।

१० **थपघट तथा हेरफेर** : (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाको थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

११ **बाधा, अड्काउ, फुकाउ** : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१२ **खारेजी र बचाउः** (१) यो कार्यविधि लागु भए पश्चात माटो उत्खनन्, ओसारपसार, विक्रिवितरण सम्बन्धि साविकमा गाउँ विकास समितिले वा नगर कार्यपालिकाले बनाई साविकमा प्रचलनमा रहेका सबै कार्यविधि, मापदण्ड खारेज गरिएको छ, साथै साविकमा भए गरिएका सबै काम कारबाहीहरु यसै कार्यविधि अन्तर्गत भएको मानिने छ, अन्य कुराको हकमा प्रदेश सरकारबाट जारी गरिएको कार्यविधि, २०७५ बमोजिम हुने छ ।

देवचुली नगरपालिका राजपत्र

## अनुसूची १

माटो उत्खनन् सम्बन्धी अनुमतिको लागि दिनुपर्ने दरखास्तको ढाँचा

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

**देवचुली नगरपालिका,**

प्रगतीनगर, नवलपरासी, (ब.स.पु.)

विषय : अनुमति पाउँ भन्ने बारे ।

महोदय

देहाय बमोजिमको माटो उत्खनन् ओसारपसार र विक्री वितरण गर्न इच्छुक भएकोले मेरो/हाम्रो/कम्पनीलाई अनुमति पत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं। उक्त कार्य गर्नको लागि अनुमति प्रदान गरिदिनु हुन् बिनम्र अनुरोध छ । पेश गरेको व्यहोरामा कुनै झुटा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुला बुझौला ।

१. व्यक्ति/फर्मको नाम :

२. कित्ता नं. क्षेत्रफल :

वडा नं. :

३. संलग्न कागजातहरु

(क) जग्गाधनी पूर्जाको प्रतिलिपि,

(ख) जग्गाधनी सँगको सम्झौता पत्र,

(ग) तिरो तिरेको रसिद,

(घ) सधियारहरुको मन्जुरी भएको चारकिल्लाको सिफारिस,

(ङ) जग्गाधनीको नागरिकताको प्रतिलिपि,



देवचुली नगरपालिका राजपत्र

(च) माटो उत्खनन् गरिने क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन,

(छ) प्राविधिक लागत अनुमान,

(ज) वडा कार्यालयको सिफारिस

(झ) धरौटी जग्मा गरेको बैंक भौचर

दरखास्तवालाको नामः
सहीः
नागरिकता नं.
सर्म्पक नं.

आज्ञाले
मुकुन्द शर्मा
प्रमुख प्रशासकी अधिकृत

देवचुली नगरपालिका राजपत्र